आज मिति २०८२/०३/०४ गते बुधबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री उमेश कुमार यादव | सचिव | |

**प्रस्ताव नं. १ : बेरुजू नियमित तथा सम्परिक्षण सम्बन्धमा ।**

- प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८०/८१ को महालेखा परिक्षण प्रतिवेदनको बेरुजु दफा २६ मा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दीभित्र नपरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ७११४००० तलव भत्ता भुक्तानी गरेको पाईयो ।स्वीकृत दरबन्दी भन्दा बाहिरको शिक्षकलाई भुक्तानी भएको तलवभत्ता नियमसम्मत नदेखिएको रु ७११४०००।०० भन्ने बेरुजू औंल्याएको हुदाँ सो सम्बन्धमा यस सम्मानित कार्यपालिकामा व्यापक रुपमा छलफल भै यस गाउँपालिकाको आ.व. २०८०/८१ को संघीय सरकार वित्तिय समानिकरण अनुदान तर्फ गाउँपालिकाबाट स्वीकृत शिक्षा युवा तथा खेलकुद शाखा तर्फको बजेटबाट गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातमा शिक्षक नरहेको तथा विद्यार्थी संख्या बढी भएका शिक्षक दरबन्दी नरहेका विद्यालयहरुमा आवश्यकता आधारमा विगत आ.व. देखी नै नियुक्त भई कार्यारत रहेका शिक्षकहरुको तलव भत्ता गाउँपालिकाबाट भुक्तानी भएको सो सम्बन्धमा गाउँपालिकाको गाउँ शिक्षा समिति, गाउँ कार्यपालिका तथा गाउँसभाबाट समेत निर्णय भई अंग्रेजी माध्यमवाट समेत पठनपाठन गर्न शैक्षिक गुणस्तर कायम राख्न र विद्यार्थी अनुपातको शिक्षक व्यवस्थापन गर्न आवश्यक रहेकोले सो नगर्दा विद्यालयको पठनपाठन समेत प्रभावित हुने देखिएकोले आवश्यक्तालाई मध्यनजर गरी स्वीकृत दरवन्दी भित्र नपरेका शिक्षकहरुको तलव भत्ता वित्तिय समानिकरण अनुदानबाट भुक्तानी भएको हुदाँ उक्त खर्च नियम सम्मत भएको राज्यकोषको कुनै किसिमको रकम हिनामिना नभएको र अगामी दिनमा कानुनको परिपलाना गरि राजश्व वाडफाड वा आन्तरिक श्रोतबाट खर्च लेख्ने गरी बजेट विनियोजन गरिने छ । सोको प्रतिवद्धता सहितको नियमित गर्ने निर्णय गरियो । साथै लेखापरिक्षणको प्रतिवेदनमा औंल्याएको बेरुजू नियमित गरि लागत कट्टाको लागि महालेखा परिक्षणको कार्यालयमा पठाउने निर्णय गरियो ।